साना किसान उधमी सबलीकरण सर्वाङ्गीण सामुदायिक बिकास कार्यक्रमको

# बार्षिक प्रगति प्रतिवेदन

२०७३ श्रावण देखी २०७४ आसाढ सम्मको




प्रतिवेदन तयार गर्ने

दियालो परिवार, चितवन


२०७४

साविक चण्डिभन्ज्याङ्ग गा.वि.स. चितवन जिल्लामा एकमात्र गाउँपालिका अर्न्तगत रहेको छ । यो गा.वि.स. जिल्लाको पहाडी भूभागमा पर्दछ । साविक चण्डिभन्ज्याङ्ग गा.वि.स. यो क्षेत्र समुन्द्र सतहबाट १०३८ मिटर देखी १५९९ मिटर सम्मको उचाईमा रहेको यसको जम्मा क्षेत्रफल ५१.१५ वर्ग कि.मि. रहेको छ । महाभारत पर्वत श्रृङ्खलामा रहेको यस गा.बि.स. भौगोलीक धरातलिय हिसावले ज्यादै कठिनाई भएको क्षेत्र पर्दछ । आंशिक रुपमा केहि भू–भागहरु टार, कान्ला, खोला किनारमा खेतीका लागी योग्य भएपनि अधिकांश भागहरु पहाडी भिराला धरातलहरु जुन खेती उत्पादन तथा उब्जनीका लागी असजीला रहेका छन् । भौगोलिक रुपमा बिकटता भएपनि प्राकृतिक सौन्दर्यको पर्यायबाची चण्डीभन्ज्याङ्ग भन्दा पनि कुनै अत्युक्ति नहोला । संम्पदाले धनी यस क्षेत्रमा मनोरम प्राकृतिक जलबिरे झरना, घाघरे झरना र चुनका श्रोत भएका पहाडहरु, बिभिन्न प्रजातिका लालीगुँरास फुल्ने स्थल रहेका छन् । पर्यापर्यटन, आन्तरिक तथा बाहय पर्यटनका लागी असाध्यै संभावना बोकेको छ । सुन्तला, निबुवा, केरा, अम्बा, कागती लगायतका फलफुलहरु प्रशस्त रुपमा पाउन सकिन्छ । अधिकांश क्षेत्रमा सिंचाईको अभाव, भिराला पाखा जमिनहरु, परम्परागत खेतीप्रणालीमा अवलम्बन गर्नुका कारण खेतिपाति निवार्हमुखी अबस्थामा मात्र रहेका छन् । प्रशस्त रुपमा यस्ता भिराला जमिन, पाखाहरुमा घांस लगाउन सकिने,साथै पर्याप्त रुपमा घाँसको उपलब्धता चरन क्षेत्रको सहज पँहुच, नजिकको बजार क्षेत्रहरु लगायतको कारणले बाखापालन नै एक मूख्य जीविकोपार्जनको  बलियो आधार हुन सक्दछ भनि यस क्षेत्रमा कोराक साना किसान सवलीरकण परियोजना संचालन गरिएको हो ।साविक चण्डीभन्ज्याङ्ग गाविसको जनसाङ्ख्यीक विवरण तपसिल बमोजिमको रहेको छ ।

| वार्ड नं | घरधुरी संख्या | पुरुष | महीला | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| १ | २८ | ९३ | ८० | १७३ |
| २ | ३४ | १०५ | १०७ | २१२ |
| ३ | ४० | १३३ | १४९ | २८२ |
| ४ | ६४ | २५३ | १९६ | ४४९ |
| ५ | १७५ | ५९६ | ५६० | ११५६ |
| ६ | १२१ | ४३९ | ३९६ | ८३५ |
| ७ | १०५ | ३२८ | ३३४ | ६६२ |
| ८ | ९३ | ३५७ | ३२८ | ६८५ |
| ९ | १७१ | ४९५ | ४७४ | ९६९ |
| जम्मा | ८३१ | २७९९ | २६२४ | ५४२३ |
| जनसाङ्खिक प्रतिशत | | | | |

**तथ्याकं स्रोत :- चण्डिभन्ज्याङ्ग गा.वि.स. पाश्वचित्र २०६७**

साविक चण्डिभन्ज्याङ्ग गा.बि.स.मा जाति तथा लिङ्गको आधारमा आदिबासी जनजातीहरुको बाहुल्यता रहेको यस गाविसमा ब्राम्हण, क्षेत्री, गुरुङ्ग, ठकुरी, नेवार, मगर, तामाङ्ग, घर्ती, चेपाङ्ग, दमै, कामी र अन्य जाती गरी ११ जातीहरुको मिश्रीत बसोबास रहेको छ भने गुरुङ्ग जातीको सबैभन्दा धैरै जनसंख्या रहेको छ । भौगोलिक रुपमा मात्र नभई स्वास्थ्य, शिक्षा, यातायत र न्युन आय भएका

समुदायका महिलाहरुलाई शसक्तीकरण गर्दै आयआर्जन बृद्धि गर्दै उनिहरुको आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यका  साना किसान उद्यमी सवलिकरण कार्यक्रम संचालन गरिएको हो ।

**पृष्ठभुमी :**

समुदायलाई आत्मनिर्भर वनाउन सहयोग गर्ने उद्देश्यका साथ **भोकालाई एक छाक भोजन होइन जिउने जुक्ती सिकाऔं** भन्ने मुल मन्त्रलाई कार्यान्वयन गर्न हेफर इन्टरनेशनल नेपालको सहकार्यमा ग्रामिण क्षेत्रमा रहेका गरिव सिमान्तकृत समुदायहरुलाई साहयता स्वरुप पशुधन, ज्ञान र शिपको उपहार प्रदान गर्दै उनीहरुको दृष्टिकोण र व्यवहारमा सकारात्मक परिवर्तन गरी समुदायको सर्वाङ्गिण विकासमा सहयोग पुर्‍याउनका लागि यस कार्यक्रम लागु गरिएको हो ।

चितवनको अति विकट गाविसको रुपमा रहेको चण्डिभञ्ज्याँग गा.वि.स.का कृषक परिवारलाई आर्थिक सामाजिक र पर्यावरणीय रुपमा हित अनुकुल हुनेगरी आफुसँग भएको ज्ञान,शिप र आम्दानी अरुसँग वाँडीचुडीउपभोग गर्नको निम्ती यस कार्यक्रमले प्रेरित गरेको छ । मूल्यमा आधारित सामाजिक परिचालन प्रकृयाद्धारा आर्थिक तथा मानसिक रुपमा गरिव समुदायमा लक्षीत गरि समुदायमा भएका क्षमता र अवसरहरुको सहभागितामुलक खोजी गर्न उत्प्रेरित गरिन्छ । **“स्थानिय स्रोत साधन र माटो, दिगो आय आर्जनको वाटो”** भन्ने मुल मर्मलाई ध्यानमा राखि यस कार्यक्रम सञ्चालन भइरहेको छ।

**कार्यक्रमको लक्ष :**

कृषि तथा पशुपालनमा आधारित व्यवसाय विकास गरि ग्रामिण साना उद्यमी परिवारहरुको जीविकोपार्जनमा सुधार ल्याउने ।

**कार्यक्रमको उद्देश्य :**

१) चण्डीभञ्ज्याँग गाविसमा रहेका ८३२ घरपरिवारलाई ४१ वटा स्वावलम्वी समुहहरुमा समेटी सामाजिक पुँजी मजवुत पार्ने र तत्पश्चात उनिहरुलाई सामाजिक उद्यमी सहकारी जस्ता कृषक संस्थाहरु गठन गरी सोमा आवद्ध हुन सहजीकरण गर्ने ।
२) उन्नत पशु व्यवस्थापन प्रविधी अवलम्वनगरी बाखाको उत्पादकत्व ५० प्रतिशतले बृद्धि गर्ने ।
३) कृषि तथा पशु उत्पादनको बजारीकरण मार्फत परिवारको आम्दानी, पोषण अवस्था तथा खाद्य सुरक्षालाई दिगो वनाउने ।
४) स्थानिय सरकारी निकायहरु र अन्य सरोकारवालाहरु (राजनैतिक दल) लाई समेत संलग्न गराई गाउँ विकास समितिको सर्वाङ्गीण विकासका लागि वातावरण वनाउन सहजीकरण गर्ने ।
भुकम्पबाट जीविकोपार्जनको मुख्य आधारभुत क्षेत्रको विनाश पश्चात ति जीविकोपार्जन क्षेत्रको पुनः स्थापना गर्दै पुर्ववत अवस्थामा ल्याउने ।

| | |
|---|---|
| **कार्यक्रमको भौगोलिक क्षेत्र :** | साविक चण्डिभञ्ज्याँग गा.वि.स. वडा नं. १ देखी ९ सम्म ( ८३२ घरधुरी) |
| **लक्षित तथा लाभाविन्त समुह :** | मुल समुह १० (२३९जना) उपहार समुह ३१ वटा (५९३ जना) |
| **कार्यक्रमको समय अवधी :** | १६ मार्च २०१४ देखि २८ सेप्टेम्वर २०१७सम्म । |
| **सहयोगी साझेदार संस्था :** | १) हेफर इन्टरनेशनल नेपाल<br>२) रोटरी क्लव अफ पाटन<br>३) चण्डिभञ्ज्याँग गा.वि.स. |

## परियोजना भित्रका संरचनाहरु :

१) चण्डिभञ्ज्याँग गाविसका सचिवको संयोजकत्वमा परियोजना कार्यान्वयन तथा अनुगमन समिति (२८ जना)
२) परियोजना व्यवस्थापन समिति (पि एम सी ) परियोजना क्षेत्रको माथिल्लो भाग (१० जना)
३) परियोजना व्यवस्थापन समिति (पि एम सी) परियोजना क्षेत्रको तल्लो भाग (१० जना)
४) पशुधन संरक्षण समिति, परियोजनाको माथिल्लो क्षेत्र (१६ जना )
५) पशुधन संरक्षण समिति, परियोजनाको तल्लो क्षेत्र (१२ जना)
६) सहयोगी समुह (एमटी), परियोजनाको सवै क्षेत्र समावेश (२३९ जना)

**परियोजनामा कार्यरत कर्मचारी विवरण:**

| पद | महिला | पुरुष | जम्मा संख्या |
|---|---|---|---|
| फोकल पर्सन | | १ | १ |
| कार्यक्रम संयोजक | | १ | १ |
| लेखापाल | १ | | १ |
| प्रविधिक संयोजक | | १ | १ |
| सामुदायीक सहजकर्ता | २ | | २ |
| पशु स्वास्थ्य कार्यकर्ता (केभ) | २ | २ | ४ |
| जम्मा | ५ | ५ | १० |

**परियोजना अर्न्तगत संस्थाले सहजीकरण गरी गठन गरिएको समुहहरूको विवरण**

| क्र. स. | समुहको नाम | ठेगाना | समुहको प्रकार | समुह सदस्य संख्या |
|---|---|---|---|---|
| १ | शान्ती महिला समुह | चण्डिभन्ज्याङ्ग ३, घुरकेश | मुल समुह | २० |
| २ | मिलिजुली महिला समुह | चण्डिभन्ज्याङ्ग ४, तोलाङ | मुल समुह | २२ |
| ३ | दिप ज्योती महिला समुह | चण्डिभन्ज्याङ्ग ५, कीटश्वारा | मुल समुह | २० |
| ४ | प्रतीक्षा महिला समुह | चण्डिभन्ज्याङ्ग ५, साठीमुरे | मुल समुह | २५ |
| ५ | प्रगती महिला समुह | चण्डिभन्ज्याङ्ग ९, याकाङ्ग | मुल समुह | १९ |
| ६ | एकता महिला समुह | चण्डिभन्ज्याङ्ग ५, आदममारा | मुल समुह | २७ |
| ७ | शाहसी महिला समुह | चण्डिभन्ज्याङ्ग ७, ढुग्रे | मुल समुह | २२ |
| ८ | सीर्जनशील महिला समुह | चण्डिभन्ज्याङ्ग ८, थामडांडा | मुल समुह | १९ |
| ९ | मीलन महिला आमा समुह | चण्डिभन्ज्याङ्ग ६, कालीखोला | मुल समुह | ३० |
| १० | सीर्जना महिला समुह | चण्डिभन्ज्याङ्ग९, पैरेनी | मुल समुह | २५ |
| ११ | सुनौलोबिहानीमहिला समुह | चण्डिभन्ज्याङ्ग २, डाडागाउ | उपहार समुह | २० |
| १२ | समीक्षा महिला समुह | चण्डिभन्ज्याङ्ग ३, धानबासे | उपहार समुह | १६ |
| १३ | सक्षम महिला समुह | चण्डिभन्ज्याङ्ग २, तेर्से | उपहार समुह | १८ |
| १४ | सहमती महिला समुह | चण्डिभन्ज्याङ्ग १, ल्यामधार | उपहार समुह | १५ |
| १५ | प्रकृती महिला समुह | चण्डिभन्ज्याङ्ग ४, हुस्ती | उपहार समुह | १९ |
| १६ | संगम महिला समुह | चण्डिभन्ज्याङ्ग ४, धर्मथली | उपहार समुह | २१ |

| | | | | |
|---|---|---|---|---|
| १७ | ईच्छाकामना महिला समुह | चण्डिभन्ज्याङ्ग ५, बादेलटार | उपहार समुह | १७ |
| १८ | संझना महिला समुह | चण्डिभन्ज्याङ्ग ५, जैगैरा | उपहार समुह | २० |
| १९ | ईच्छा महिला समुह | चण्डिभन्ज्याङ्ग ५, भोटश्वारा | उपहार समुह | १९ |
| २० | प्रतिक महिला समुह | चण्डिभन्ज्याङ्ग ५, पामडांडा | उपहार समुह | २१ |
| २१ | सिद्धबाबा महिला समुह | चण्डिभन्ज्याङ्ग ५, नयाबजार | उपहार समुह | १९ |
| २२ | प्रगतीशिल महिला समुह | चण्डिभन्ज्याङ्ग ५,नया बजार | उपहार समुह | २० |
| २३ | शहनशील महिला समुह | चण्डिभन्ज्याङ्ग ५,थाकलडाडा | उपहार समुह | १५ |
| २४ | उन्नती महिला समुह | चण्डिभन्ज्याङ्ग ९, जलबिरे | उपहार समुह | १५ |
| २५ | सम्बृद्धी महिला समुह | चण्डिभन्ज्याङ्ग ९, याकाङ्ग | उपहार समुह | १९ |
| २६ | सफल महिला समुह | चण्डिभन्ज्याङ्ग९,तल्लो चनौटे | उपहार समुह | ३० |
| २७ | शक्ति महिला समुह | चण्डिभन्ज्याङ्ग ९, चनौट | उपहार समुह | २५ |
| २८ | नमुना महिला समुह | चण्डिभन्ज्याङ्ग ६, आदममारा | उपहार समुह | २५ |
| २९ | ज्योती महिला समुह | चण्डिभन्ज्याङ्ग ६, रैबुङ्ग | उपहार समुह | १६ |
| ३० | सयपत्रि महिला समुह | चण्डिभन्ज्याङ्ग ७, धारापानी | उपहार समुह | २२ |
| ३१ | डालीमा महिला समुह | चण्डिभन्ज्याङ्ग ७, तुनतेस | उपहार समुह | २९ |
| ३२ | कालीका महिला समुह | चण्डिभन्ज्याङ्ग ७, ईनारपानी | उपहार समुह | २२ |
| ३३ | मिलनशार महिला समुह | चण्डिभन्ज्याङ्ग ८, मस्राङ्ग | उपहार समुह | १६ |
| ३४ | सरस्वती महिला समुह | चण्डिभन्ज्याङ्ग ८, पांग्रे | उपहार समुह | १६ |
| ३५ | कोपीला महिला समुह | चण्डिभन्ज्याङ्ग ८,चौतारा | उपहार समुह | १५ |
| ३६ | पन्थदेबी महिला समुह | चण्डिभन्ज्याङ्ग ८, टोड्के | उपहार समुह | २१ |
| ३७ | देबी महिला समुह | चण्डिभन्ज्याङ्ग ६, कालीखोला | उपहार समुह | २४ |
| ३८ | सकृय महिला समुह | चण्डिभन्ज्याङ्ग ६, कालीखोला | उपहार समुह | १३ |
| ३९ | सुन्दर महिला समुह | चण्डिभन्ज्याङ्ग ९, पाचकिलो | उपहार समुह | १८ |
| ४० | लाली गुरास महिला समुह | चण्डिभन्ज्याङ्ग ९, चारघरे | उपहार समुह | १५ |
| ४१ | गंगा जमुना महिला समुह | चण्डिभन्ज्याङ्ग ९, काटश्वारा | उपहार समुह | २७ |

**माथी उल्लेख बमोजिमको उद्देश्य प्राप्तिका लागि परियोजनाले अवलम्वन गरेको क्रियाकलापहरू**

- उन्नत जातको नश्ल सुधार पशुको हस्तान्तरण (बाखा एवं बोका) तथा समुदायमा आधारित विमा कार्यक्रम
- उन्नत प्रजातिको कोषे तथा अकोसे घाँसका बीउ एवं विरुवाहरू उपलब्धता
- औषधि उपचारका कार्यक्रमहरूका लागि आवश्यक कृषि सामग्री तथा औषधि उपलब्धता
- समुहको क्षमता अभिवृद्धि एवं सशक्तीकरणको लागि विभिन्न किसिमका तालिम, बैठक एवं भ्रमणका कार्यक्रमहरू
- परियोजनाको समन्वय सहकार्यको लागि जिल्लास्तरमा, गा.वि.स.स्तरमा देखी परियोजनास्तर सम्म विभिन्न समितिहरू गठन एवं परिचालन
- सहकारी, बजारीकरण सम्बन्धमा अन्तरकीया तथा छलफल कार्यकमहरु

**कार्यक्रम संचालनको रणनीति पुरा गर्नको लागि अपनाईएको कार्य संचालन प्रक्रियाहरू**

- मुल समुहको मद्यतले उपहार समुह गठन एवं अनुशिक्षण कार्यक्रम संचालन
- बाखाको उत्पादन एवं उत्पादकत्व वृद्धिको लागि उच्च नश्लको बोका हस्तान्तरण, बाखा हस्तान्तरण एवं समुदाय स्तरमा विमा कार्यक्रमको परिचालन
- पोषिलो एवं सहजै उत्पादन गर्न सकिने कोषे तथा अकोसे प्रजातिका विभिन्न घाँसका विउ एवं विरुवाहरू हस्तान्तरण ।
- बाखातथा कुखुराको लागि जुका नाम्लेको औषधि वितरण एवं भ्याक्सिन अभियान संचालन ।
- समुदाय स्तरको पशु स्वास्थ्य कार्यकर्ताको स्थायित्वको लागि पुँजी कोषको सहयोग
- सुधारिएको खोर सुधार तथा  निमार्णको लागि घुम्ति कोष रकम प्रदान ।
- समुहका सदस्यहरुलाई समुह व्यवस्थापन, आधारशिला, खोर गोठ व्यवस्थापन, घाँस व्यवस्थापन, उद्यमशिलता विकास, सहकारी शिक्षा, प्रजनन स्वास्थ्य एच.आई.भि. एडस सम्बधि तालिम, बाखाको बजारीकरण एवं अवलोकन भ्रमण
- परियोजनाको दिगोपना, सरकारी निकायहरू सँग समन्वय एवं अनुगमनको लागि जिल्ला स्तर देखी गाविस एवं समुदाय स्तर सम्म विभिन्न सरोकारवालाहरूको समिति गठन एवं परिचालन गर्ने
- परियोजना मार्फत प्रदान गरिएका श्रोतहरु, घुम्ति कोषको रकमहरु क्रमशः उपहार प्रदान गर्दै अन्त्य सम्ममा सहकारीमा आवद्ध गराउने ।

**संस्थाद्धारा यस बर्षमा प्रदान गरिएको घाँसको विवरणहरु :**

| क.स. | मेन्दोला | ईपिल ईपिल | भटमासे | ईन्दु | नेपियर | किम्बु |
|---|---|---|---|---|---|---|
| आ.व. २०७३/७४ | ३०० केजी | १५० केजी | २८ के.जी. | २० केजी | २५००० बोट | ३६०० बोट |
| **जम्मा** | **३०० केजी** | **१५० के.जी.** | **२८ केजी** | **२० के.जी.** | **२५००० बोट** | **१०००० बोट** |

चण्डिभन्ज्याङ्ग गाविसमा जम्मा बाखा संख्या ७,८७९ बाखालाई त्रैमासिक रुपमा नियमित जुका नाम्ले माटेको औषधि खुवाईयो । यस वर्ष  ५२०० बाखाको लागि पि. पि. आर. भ्याक्सिन लगाउनुका साथै  ११४३३ स्थानिय कुखुराहरुलाई जुका/भ्याक्सिन लगाउने कार्य समेत सम्पन्न गरियो । ४ जना कृषी तथा भेटनरी उधमीले स्थानियस्तरमा एग्रोभेट पसल संचालन गरी पशुको उपचार तथा तरकारी उत्पादनका लागी सहजीकरण गर्दै आएका छन् ।

**क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरू तथा बैठक समन्वय :**

परियोजनामा आबद्ध भएका समुहका सदस्यहरुलाई सशक्तीकरण बनाउँदै उनिहरूको जीविकोपार्जन सुधार गर्नको लागि स्थानीय महिलाहरूलाई मुल समुहमा पोषण स्वास्थ र प्रजनन, एच.आई.भि. तालिम १० वटा मूल समुहमा, पशु ब्यबस्थापन तालिम एक दिने ३८ वटा मुल र उपहार  समुहमा, बेमौसमी तथा ब्यबसायिक तरकारी खेती तालिम ३ वटा र बाखा पालन सम्बन्धि ब्यबसायिक योजना बनाउने कार्य ८ वटा  सम्पन्न भयो ।मुल समुहका सदस्यहरुले आफुले पाएका

तालिमहरु सहयोगी समुहहरुका संयोजक बाट ञानहरु उपहार दिने कम बदेको छ । समुहमा नियमित छलफल बैठक संचालन गर्ने र समुह स्तरमा स्व समिक्षा एवं पुनरावलोकन, गर्दै योजना बनाउने र परियोजना ब्यबस्थापन समितिको बैठक छलफल प्रक्रियाले गर्दा परियोजना कार्यान्वयन गर्न सहयोग पुर्‍याएकोछ । यस परियोजना विभिन्न पक्षहरुको विचको सहकार्यमा संचालित भएकोले यसको नियमित अनुगमन एवं छलफल कार्यक्रम तीन वटा सम्पन्न भयो । जिल्ला तहमा परियोजना परामर्श समिति सँग अर्ध बार्षिक रुपमा दुई वटा बैठक संचालन गरियो , भने गाँउ स्तरमा ३/३ महिनामा गाविसस्तरीय परियोजना सल्लाहकार समिति संगको बैठक र परियोजना कार्यान्वयन समिति संगको बैठक ६/६ महिनामा बसी कार्यकमको योजना,अन्तरकृया ,पृष्टपोषण र मुल्याकंन कार्यकम गरिएको छ ।

**अन्य सहयोगहरू**

चण्डिभन्ज्याङ्ग गा.वि.स.लाई पुर्ण सरसफाई र स्वच्छ खानेपानीको उपलब्धता गराउन गोर्खा वेलफेयर संस्थाले साविक परियोजनाको कार्यक्षेत्र गा.वि.स.को चण्डिभञ्ज्याँग परियोजानाको कार्यक्षेत्रमा आबद्ध भएका प्रगती महिला समुह, उन्नती महिला समुह, सम्बृद्धी महिला समुह, र शक्ति महिला लगायत ७ वटा समुहका खानेपानीको अभाब रहेको १६४ घरधुरीका सदस्यको लागी घर घरमा खानेपानीको धारा, सुधारिएको चर्पी, भाडा सुकाउने र्‍याक, फोहर ब्यबस्थापन गर्ने खाडल गोर्खा ओ.एल.फेयर संस्था र स्थानिय समुदायको जन श्रम दानमा निर्माण भएका छन् । यसले गर्दा याकाड, चनौटे, साठीमुरे, पामडाडा र कीटश्वारा स्थानमा रहेका सदस्यहरुलाई ठुलो राहत पुगेको छ । यसैगरी मेड नेपाल र सि.सि.एस. ईटालीको सहयोगमा साबिक चण्डिभन्ज्याग गा.बि.स.को ७ वडामा रहेको कालिका महिला समुह, तुनतेस, नमुना महिला समुह आधामारा, र सफल महिला समुह चनौटे, प्रतिक महिला समुह पामडाडा मा रहेका स्कुलहरुमा किचन कोठा निर्माण गरेको छ । त्यसैगरी प्रतीक महिला समुहका १६ जना, संभ्ना महिला समुहका ५ जना गरी २१ जना लाई ५६७ गिरीराज कुखुराका चल्ला र २०० के.जी. दाना बितरण गरेको, एकता महिला समुहका ७ जना महिला सदस्यलाई नमुना महिला समुहका १४ जना महिला सदस्य गरी जम्मा २१ घरपरिवारका लागी सेरेना मौरीको बिज सहित ४२ माहुरीको घार, पन्जा, मास्क सहित बितरण गरेको छ । सफल महिला समुह र शक्ति महीला समुहका ३० महिला सदस्यहरुलाई घिरौला, फर्सी, सिमी, काको, खुर्सानी, टमाटार, बिउ र टनेल निर्माणमा चाहिने आबश्यक सामग्री बितरण गरेको छ । जसले गर्दा परियोजना क्षेत्रका सदस्यहरुलाई कृषि तथा जिबिकोपार्जनका लागी थप टेवा पुगेको छ ।स्थानिय श्रोत जुटाउनका लागि विचमा रोटरी क्लव अफ पाटनको सहकार्य भएका कारण आर्थिक श्रोत जुटाउन ठुलो सहयोग मिलेको छ ।

सहयोगी संस्था र कार्यान्वयन गर्ने संस्थावाट समय समयमा हुने अनुगमनले कार्यक्रम प्रभावकारीता बढ्दै गएको । गाविसका सवै घरपरिवारलाई सहभागी गराउने उद्धेश्यले चण्डिभञ्ज्याँग सामाजिक उद्यमी महिला सहकारी संस्था लि.ले बचत तथा ऋणको कोराबार, आय आर्जना मात्र सिमितता नराखी खाधान्न लगायतका उपभोक्ता पसल सञ्चालन गरेकोले सदस्यको दैनिक उपभोगको सामान तथा आबश्यकता पुरा गरेकोले सहकारी प्रति थप आकर्षण बढेको छ । महिला सदस्यहरु समुहस्तरमा नेतृत्व लिदै गर्दा सीर्जना महीला समुहकी सदस्य पार्बती गुरुङ र

शान्ती महिला समुह घुरकेशकी सदस्य माया गुरुङले स्थानिय चुनाबमा समेत महिला सदस्यमा बिजयी भई नेतृत्व लिन सफल भएका छन् ।

**परियोजना संचालनका क्रममा भएका उपलब्धिहरू :**

- यस परियोजना अन्तर्गत ८३२ घरधुरीलाई लक्षीत गरी ४१ वटा समुह वनाइएको छ । २३९ घरलाई समावेश गराई १० वटा मुल समुह गठन भएको छ भने ५९३ घर परिवारलाई समेटी ३१ वटा उपहार समुह गठन गरिएको छ ।
- आर्य आर्जनमा सुधार गरेका छन् । यस परियोजना अन्तर्गत रहेका समुहमा हरेक महिनामा लिइने गरेको तथ्याँकलाई आधार मान्ने हो भने, प्रति परिवार ९४ हजार रुपैया बार्षिक आम्दानी(तरकारी, नगदेवाली, खसी वोका विक्रीबाट) देखिएको छ । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- बि.स. २०७३ श्राबण देखि २०७४ असाढ महिना सम्मको एक बर्षको अवधीमा ८४ लाख २० हजार २ सय ३४ रुपैया तरकारी विक्री गरेर आम्दानी गरेको देखिएको छ । एक बर्षको अवधीमा ३२३९ स्थानिय कुखुरा विक्रीवाट ३३ लाख १९ हजार ९ सय ७५ रुपैयाँ आम्दानी गरेकाछन् । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- परियोजना क्षेत्रमा बाख्राको संख्या वढेको छ । परियोजना सुरु गर्नुभन्दा पहिलो ५ हजार ६ सय ४३ वटा वाख्रा भएकोमा अहिले वाख्राको संख्या ८ हजार ८ सय ८३ वटा पुगेको छ । यो तथ्याँकलाई हेर्दा आम्दानीको मुख्य श्रोतको रुपमा वाख्रालाई लिएर व्यवसायीक रुपमा अगाडी वढ्दै गएको छ । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- पशुपालनमा आधुनीक शैली अनुसरण गरिएका कारण व्यवसायीक रुपमा वाख्रा पाल्ने कृषकको संख्या वढेको छ । यस परियोजनामा आवद्ध भएका सदस्यहरु मध्ये ५ वटा सम्म माउ वाख्रा पाल्ने सदस्यहरु ४२३ जना, ६ देखि १० वटा सम्म माउ पाल्ने सदस्यहरु १९८ जना ११ देखि माथी माउ वाख्रा पाल्नेहरु १४१ जना रहेकाछन् । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- यस परियोजना अन्तर्गत घाँस लगाउने क्रम वढेको छ । ३ महिना भन्दा कम घाँस पुग्ने कृषकको संख्या १९१ जना, ३ देखि ६ महिना सम्म घाँस पुग्ने २८९ जना, ६ महिना देखि १२ महिना सम्म घाँस पुग्ने २९१ जना र १२ महिना भन्दा वढीलाई घाँस पुग्ने ६१ जना रहेकाछन् । यो तथ्याँक परियोजना सुरु हुनुभन्दा अगाडीको भन्दा सुधार भएको देखिएको छ । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- वाख्राको लागि व्यवस्थित खोर वनाउने क्रम वढेको छ । यस अबधिमा आवद्ध सदस्यहरुले वाख्राको खोर सुधार तथा मर्मत गरेको संख्या १०३ वटा, ९२ जनाले नयाँ खोर र २७ जनाले खेल्ने ठाँउ सहितको खोर वनाएकाछन् । ( श्रोत : घरघरमा पुगेर लिईएको तथ्याङ्क)
- गाविसका हरेक क्रियाकलापमा स्थानिय महिला समुह मार्फत सहभागिता जनाउने क्रम वढेको छ । गाविसवाट दिइने सेवा सुविधामा स्थानिय महिलाको पहुँच वढेको छ । स्थानिय निकायहरुमा महिलाको प्रतिनिधित्व गर्ने क्रम वढेको छ ।
- गाविस र स्थानिय सरोकार राख्ने निकायहरुले यस परियोजनामा आवद्ध भएका समुह मार्फत धेरै कार्यक्रमहरु गर्दै आएको छ । गाविस मार्फतवाट हुने काममा स्थानिय महिला समुलाई परिचालन गरेर भएका कार्यक्रम प्रभावकारी हुदै गएको छ ।
- महिला सदस्यहरु समुहमा,समुदायमा बसेर नेतृत्वगर्ने कमको बिकास हुदै जादा २०७४ स्थानिय निकायको चुनाबमा नेतृत्व लिन सफल भएका छन् ।

- नश्ल सुधारिएको बोका लगाउन थालिएको छ भने अनुत्पादक बाख्रा हटाई उत्पादक बाख्रापालन गर्ने क्रमको विकास भएको छ यस अबधिमा बुढी माउ र अनुत्पादक बाख्रा गरी २१३ वटा हटाईएको छ ।
- नियमित खोर सरसफाई एवं पशु बाख्राको नियमित उपचार एवं भ्याक्सिनेसन गर्ने पद्धतिमा उल्लेखनिय सुधार आएको छ  अघिल्लो बर्षको साना पशुको मृत्युदर १० भएकोमा यस अबधिमा  ९ प्रतिशतमा  झरेको छ ।
- समुहले ग्रामिण स्तरमा सामुहीक काम गरेर आम्दानी वढाएका छन् । यस अबधिमा खेतीपातीको काममा सामुहीक श्रम गरेर, पर्व विशेषमा सांस्कृतिक कार्यक्रम गरेर सवै समुहको एक मुष्ट जोड्दा १ लाख ६४ हजार १सय ७० रुपैया आम्दानी भएको छ ।
- सेवा प्रदायक संस्था सम्म सेवा ग्राहीको पँहुच वृद्धि भएकोछ । जि.प.से.ले खोरगोठ सुधार, बाख्रा र उन्नत बिहाड बोका गरी ४१ वटा उपलब्ध गराएको छ ।
- भूकम्प प्रभाबित सदस्यलाई बितरण गरेको समुह सहयोग कोषको रकमको दिगो रुपमा परिचालन होस भन्ने हेतुले सदस्यहरुले यस अबधिमा रु.२,११,५०० रकम आफ्नै सहकारीको कोषमा संकलन गरेका छन् ।
- हचुवामा नभई जोखेर खसिको विक्री गर्ने बानीको विकास भएकोछ । सहकारीमार्फत खसी बोका विक्री गर्न थालनी भएकोछ । खसिबोकाको आर्थिक कारोवार गर्न जिउदो खसि बोकाको मुल्य निर्धारण गरि कारोवार सुरु भएकोछ ।
- सहकारीमा सदस्यहरूको समुहगत प्रवेश भएकोछ । सहकारीमार्फत आर्थिक कारोवार गर्ने क्रमको विकास भएकोछ ।
- सहकारीले तीन वर्षे व्यवसायिक रणनीति तयार गरी कार्यान्वयन गर्ने चरणमा प्रबेश गरेकोछ ।
- उत्पादित बस्तुको उचित मुल्य निर्धारण गरि विक्री गर्नको लागि स्थानिय समुदायलाई सचेतिकरण गरिएकोछ ।
- २०७४ असार मसान्तसम्म सहकारी मार्फत १८१ वटा बाख्रा तथा बोकाको विमा गर्ने कार्यको थालनी भएकोछ । बाख्रा विमा कार्यक्रमलाई आगमी बर्षमा अभियानको रुपमा संचालन गर्ने योजना तयार गरिएको छ  ।

**चण्डिभञ्ज्याँग सामाजिक महिला उद्यमी महिला सहकारी संस्था लि :**

परियोजनाको उद्धेश्य अनुसार स्वाबलम्बि समुहहरुमा आबद्ध भएका ८३२ घरधुरीलाई यसै महिला सहकारीमा आबद्धता गराउदै परियोजनाबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै समुहहरुमा भएका सदस्यहरुलाई दिगो रुपमा बचत तथा ऋणको कारोबारका साथै अन्य आयमुलक कार्यकम संचालन गर्ने सेतुले महिला सहकारी स्थापना २०७३ असार १५ गते  सहकारी डिभिजन कार्यालयमा दर्ता गरि सञ्चालनमा आएको छ ।  बिगतमा २२१ रहेकोमा यस अबधिमा ३१५ सदस्य थप भई ५३६ जना सदस्य सहकारीमा आबद्ध भएका छन् ।   भने बाकी सदस्यहरु सहकारीमा आबद्धता हुने कममा छन् ।सहकारीमा बसेर बचत तथा ऋणको कारोबार गर्दै आएका छन् । यसरी बचत तथा ऋणको अबस्था यस आ.व.को मसान्त सम्ममा शेयर संख्या बापत रु.५,६०,०००,बचत रु.

६,६६,३५२ र कोष रकम रु.२,११,५०० र ऋण लगानी रु.८,३१,००० ।सहकारीले आगामी तिन बर्षमा गर्ने ब्यबसायीक योजना तयार गरी  योजना अनरुप काम गर्दै  अगाढि बढिरहेको छ ।

**चण्डिभञ्ज्याँग सामाजिक महिला उद्यमी महिला सहकारी संस्था लि बाट सञ्चालन गरिएका थप कृयाकलापहरु :**

**१. उपभोक्ता पसल सञ्चालन :**

चण्डिभञ्ज्याँग सामाजिक उधमी महीला सहकारी संस्था लि. स्थापना पश्चात सहकारीले आय आर्जनका निम्ति थप काम  शुरु गरेको छ । सहकारीको दिगो बिकासका लागी यस सहकारीले सुपथ मुल्य पसल सञ्चालन  २०७३ असोज १३ वाट शुरु गरेको थियो । सहकारीमा आबद्ध भएका सदस्यहरुलाई थप सेवा दिने अभिप्रायले सहकारीको सुपथ मुल्य पसलबाट दैनिक उपभोग्य सामानका बिकि गर्नुका साथै रासायनिक मल बिउ बिजनको बिकी गर्ने योजनाका साथ पसल सञ्चालन गरीरहेको छ । ग्रामिण जनताको दैनिक उपभोगका साामानका बिकि गर्नुका साथै कृषी मल,रासायनिक मल सहज रुपमा बिकि प्रबन्ध मिलाउन सकेमा मात्र स्थानिय कृषकको उत्पादनमा समेत प्रत्यक्ष सहयोग पुग्ने देखिएको छ । स्थानिय कृषकहरु समयमै मल बिउ बिजन किन्न टाढा जानुपर्ने बाध्यता , समयमा मल बिउ समेत सहज रुपमा प्राप्त गर्न नसक्नु पनि चुनौती रहेको थियो । यस कृयाकलाप तथा योजनाले स्थानिय कृषकहरु थप लाभान्बित भएका छन् । स्थानिय महिला, कृषक समुहका सदस्यभएका कारण खरिद, बिकी गर्न पनि सहज हुनाका साथै सदस्यलाई असजिलो पर्दा उधारो कारोबार गरी समयमै भुक्तानी प्रकृयामा समेत सहज बाताबरण देखिन्छ ।सदस्यहरुले आफ्नो सहकारी मार्फत सञ्चालन गरेका पसलका कारण सहकारी र सदस्य बिच थप अपनत्वको भाबना बढेको देखिन्छ ।

यस सुपथ मुल्य पसल सच्चालनबाट स्थापना काल देखि हालसम्म आईपुग्दा नौ महिनाको अबधिमा सुपथ मुल्य पसलबाट रु.४२,५१,२८४ बयालीस लाख एकाउन्न हजार दुई सय चौरासीको बिकीबाट रु७२,५४५। बहत्तर हजार पाच सय पैतालिस रुपैया आम्दानी गरेको छ । छोटो समयमा सहकारीले सुपथ  मुल्य पसल सञ्चालनबाट नाफा गरेकोले आगामी दिनमा पनि राम्रो आम्दानी हुने देखिएको छ । यसले गर्दा सहकारीको अन्य आम्दानीको श्रोतमा समेत बृद्धि भएको छ ।

**२. कृषि तथा पशु व्यवसाय केन्द्र सञ्चालन :**

चण्डिभञ्ज्याँग सामाजिक उधमी महीला सहकारी संस्थाको आयोजनामा कृषि तथा पशु व्यवसायीक केन्द्र स्थापना गर्ने ध्येयका साथ २०७३ सालको दशैबाट सहकारी मार्फत खसी वोकाको कारोवार शुरु  गरिएको हो । चण्डिभञ्ज्याँग गा.बि.स. कृषि तथा पशुको लागी प्रचुर संभाबना बोकेको क्षेत्र हो ।यहाका किसानहरुबाट उत्पादित कृषी तथा पशु उपजहरु सधै हचुवाको भरमा बिकी गरेको अबस्था बिधमान सम्म चलिरहेकोले यसको राम्रो संग बजारिकरणको प्रबन्ध मिलाउनका लागी यस ब्यबसायीक केन्द्रले ठुलो भुमिका निर्बाह गरेको छ । स्थानिय कृषकहरुले उत्पादन गरेका तरकारीको बजार मुल्य नपाउनु ,कृषकहरुले ढुवानीकालागी भरपर्दो माध्यम बन्न नसन्नु ,ढुवानी भएता पनि किसान सगं कृषि उपजको तालमेलमा नियमितता दिन नसक्नु ,हचुवाको भरमा बोका खसी बिकी हुनु यी याबत कुराहरुको न्युनीकरणका लागी आंशिक रुपमा भएतापनि यस कृषि तथा पशु ब्यबसाय केन्द्रको सञ्चालन प्रयासबाट गरिएको छ ।

मूलत यहाका किसानहरुको आम्दानीको मुख्य श्रोत भनेको कृषि तथा पशुको उत्पादन हो । यहि उत्पादनको बिकि बाट जीबनस्तर चलाउनु पर्ने यथार्थता रहदा रहैदा पनि चेतानाको कमिका कारण आम मानिसहरुका अभै दुःख त्यसै खेर गईरहेको छ । कृषकहरुले उत्पादन गरेका कृषि उपज मात्र होईन बाखाको अबस्था पनि उस्तै छ । बाखा बोका तथा खसीको बास्तविक मुल्य लिनका

लागी समुह स्तरमा छलफल बैठक, बजारिकरण  सम्बन्धी चेतना मुलक कार्यक्रम गरिदै आएको छ । कृषकहरुले हचुवाको भरमा बिकि गर्दै आएको खसी, ब्यापारी सग समन्वय गर्दै खसी,बोकाको तौल अनुसार बिकी गर्दा माल अनुसार मुल्य पाउदा कृषकहरु लाभान्वित भएका छन् ।परियोजनामा आबद्ध भएका सदस्यहरुले सहकारी र कृषि तथा पशु ब्यबसाय केन्द्रको समन्वयमा खसिवोकाको बिकी कारोवार हुदै आएको छ । २०७३ सालको  दशैबाट २०७४ असाढ मसान्त सम्म सहकारी मार्फत खसी बीकी गरिएको रेकर्डमा ६१६ वटा खसी तथा बोका बिकी गरी  ७० लाख ८३ हजार ६ सय २० रुपैया गाउमा भित्रिएको छ ।

<u>परियोजना संचालनको क्रममा भएका सिकाईहरू</u>

- गा.वि.स.स्तरीय रुपमा क्रियाशिल परियोजना परामर्श एवं कार्यान्वयन समितिसँग नियमित छलफल एवं अर्न्तक्रिया गर्दा स्थानीयहरूको सेवा प्रदायक संस्थाहरूसँगको पँहुच अभिवृद्धि गर्न सहजता आउदो रहेछ ।
- सहकारीमार्फत समुह परिचालन एवं आर्थिक कारोवारगर्दा परियोजनाको उपलब्धिहरूलाई नियमित अनुगमन गर्न सहजता आउने रहेछ ।
- सहकारीको व्यवसायिक योजना अनरुप कार्यक्रमको थालनीगर्न सकिएमा सहकारी एवं सदस्यहरूको आर्थिक विकासमा बृहत्तर परिवर्तन ल्याउन सम्भव हुँन गई दिगोपन सम्भावना रहेको छ ।
- समुदाय तथा समुह स्तरमा कम चेतनाका कारण देखिने भौतिक बस्तु उपहार भन्दा ज्ञान,सिप,शिक्षा र क्षमता अभिबृद्धि हुने खालका कार्यकम प्रदान गर्दा बस्तु प्राप्तीको आशामुखिपनमा न्युनीकरण आउदो रहेछ ।

## परियोजना सञ्चालनका कममा आएका समस्या तथा समाधानका लागी सल्लाह सुझाबः

भौगोलिक रुपमा चण्डिभन्ज्याङ्ग गा.बि.स. बिकट पहाडिस्थलको रुपमा रहेको छ । यस क्षेत्र परियोजनाको कार्यक्षेत्रमा मानबिय बसोबास पनि अप्ठयारा स्थानमा नै रहेका छन् साथै भिन्न छरिएर रहेका घरधुरीहरु तथा असहज बाटो घाटोको बाबजुद पनि परियोजनामा आबद्ध गराएर परियोजनाको लक्ष्य अनुसार कृयाकलापहरु गरिदै आएको छ । मुल समुहका सदस्यहरुले उपहार समुहलाई आफुले पाएका ज्ञान, सिपहरु सहजै प्रदान गरी, ब्यबस्थापन गर्न नसक्नु, । नारायणगढ मुडलिङ सडक खण्ड बिस्तारका कारण यस क्षेत्रमा रहेका समुहहरुलाई कृयाशिल बनाउन असजिलो हुनु । समुदायमा शिक्षाको स्तरमा कमि, आर्थीक अबस्था ज्यादै कमजोर भएका कारण समुह ब्यबस्थापन गर्न कठिनाई रहेको छ । चेपाङ्ग समुदायमा शिक्षा, चेतनाको कमि भएका कारण परियोजना प्रति धेरै अपेक्षा, विश्वास र भरोसा धेरै भएका कारण परियोजनाको उद्धेश्य अनरुप काम गर्न कठिनाई रहेकोले राज्यका सरोकारावाला निकायहरुले पनि शिक्षा र जन चेतना मुलक अभियान सञ्चालन गरिनुपर्दछ ।

परियोजनामा आबद्ध भएका स्वाबलम्बी समुहहरुका अधिकांश समुहका सदस्यहरु चण्डीभन्ज्याग सामाजिक उधमी महीला सहकारीमा आबद्ध भएका छन् । भौगोलीक हिसाबले कार्यालयमा आउन जान दिन भरि लाग्छ सो कारण दिगो रुपमा सहकारी सञ्चालन हुन, परियोजनाबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न पायक पर्ने स्थानमा सहकारीका ईकाइ कार्यालयहरु सञ्चालन गर्न सकेमा परियोजनामा आबद्ध भएका सम्पुर्ण सदस्य सहकारीमा आबद्ध हुने र पूजी संकलन बचत तथा ऋणको कारोबारहरुमा सहजता आउनेछ । यसका अलावा पशु,कृषीजन्य बस्तुको बजारिकरण, बिमा कार्यक्रम गर्नमा सहकारीबाट अपनत्व लिनुपर्दछ र राज्यका सरोकारवाला निकायहरु सग पहुच स्थापित गर्न सकेमा परियोजनाबाट प्राप्त उपलब्धीहरु हासील हुने र फलस्वरुफ सहकारी पनि दिगो बन्ने सुझाब दिईयो ।

## परिशिष्ट १. परियोजनाको कार्यक्रम सञ्चालनको क्रममा देखिएका झलकहरु :

खोर गोठ, घासको ,करेसावारी ,बेमौसमी तरकारी खेती तथा अन्य तालिमहरुका उपलब्धी तथा प्रयासका केहि तस्बीरहरु ।























